नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २०५ २०८२ साल चैत ५ गते बिहीबार (19 Mar 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : जेनजी आन्दोलन पुनर्निर्माण ... ३ पृष्ठमा : चुनौतीबीच निर्वाचन ... ३ पृष्ठमा : इरान-इजरायल द्वन्द्व तीव्र ...

## नाबालिका अपहरण मुद्दामा युवकलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश

**दैनिक समाचारदाता**
**राजविराज, ४ बुधबार ।**

सात वर्षिय नाबालिकाको अपहरण, शरीर बन्धक तथा मानिव ओसारपसार सम्बन्धी मुद्दामा संलग्न रहेको आरोपमा अदालतले एक युवकलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

सप्तरी जिल्ला अदालतले खडक नगरपालिका वडा नं. ९ सर्पा टोलका ३० वर्षीय इम्तियाज अहमदलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार फागुन ५ गते बेलुका करिब ७ बजे खडक नगरपालिका वडा नम्बर ८ बिसनपुरमा भाडामा बस्दै आएका इमरान खानकी ७ वर्षीया छोरी आसु खातुन भन्ने नेहा खातुनलाई इम्तियाज अहमदले मोटरसाइकलमा लगेर वेपत्ता पारेका थिए । दुईदिन पछि आसुका बुवा इमरान खानलाई फोन गरी एक करोड रुपैयाँ नगद र पाँच किलो सुन फिरौती माग्दै रुपनी गाउँपालिका वडा नं. १ स्थित खाँडो खोलामा आउन भनिएको थियो ।

आसुका परिवारजनले प्रहरीलाई जानकारी गराएपछि सोही स्थानबाट फागुन ७ गते उद्धार गर्दै इम्तियाज अहमदलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

घटनासम्बन्धी अनुसन्धान तथा तहकिकात पुरा गरी सप्तरी जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेश अनुसार अभियुक्तलाई पुर्पक्षका लागि सप्तरी कारागार कार्यालय राजविराज पठाईएको उनले बताए ।




## दुर्घटनामा परेको हेलिकप्टरका घाइतेको उद्धार

काठमाडौं, ४ चैत (रासस) ।

खोटाङमा दुर्घटनामा परेको एयर डाइनेष्टीको हेलिकोप्टरमा घाइते भएकाहरूको उद्धार गरिएको छ । आज बिहान काठमाडौं अन्तरराष्ट्रिय विमानस्थलबाट उडेको 'नाइन एन-एएफक्यु' हेलिकोप्टर खोटाङको केपिलासगढी गाउँपालिका-२ खार्ताम्छाको बालबेसीस्थित अवतरणका क्रममा बिहान करिब ११:५५ बजे असन्तुलित भई दुर्घटनामा परेको नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिनुभयो ।

भुलका अनुसार दुर्घटनामा परी पाइलटसहित छ जना सामान्य घाइते भएका छन् । घाइतेलाई काठमाडौंबाट गएको अर्को हेलिकप्टरबाट उद्धार गरी ल्याइएको उहाँले जानकारी दिनुभयो ।

## बैंकिङ कसुरमा उच्च अधिकारी पक्राउ

काठमाडौं, ४ चैत (रासस) ।

नेपाल प्रहरीको साइबर ब्यूरोले बैंकिङ कसुरको अभियोगमा प्रभु बैंकका कर्पोरेट एण्ड प्रोजेक्ट फाइनान्स विभागका प्रमुख दिनेश डङगोललाई पक्राउ गरेको छ ।

ब्यूरोले प्रतिवादी अशोक शेरचन समेत माथि अनुसन्धान भइरहेको बेला थप तथ्य प्राप्त भएपछि डङगोललाई पक्राउ गरेको हो । सो बैंकको महत्वपूर्ण विभागमा कार्यरत डङगोलले नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा प्रचलित कानून विपरित कार्य गरेको तथा प्रभु म्यानेजमेन्ट प्रालि समेतमा प्रवाह ऋणमा कर्जा दुरुपयोग गरेको पाइएको छ ।

आरोपी डङगोलमाथि जिल्ला अदालत काठमाडौंबाट अनुमति लिई थप अनुसन्धान भइरहेको ब्यूरोका सूचना अधिकारी शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

## प्रदेश सरकारका एक सय दिनमा महत्वपूर्ण उपलब्धि भएका छन् : मुख्यमन्त्री यादव

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ चैत ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफूले प्रदेश सरकारको नेतृत्व सम्हालेको एक सय दिनमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताएका छन् ।

एक सय दिनमा भएका उपलब्धि सार्वजनिक गर्न मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले छोटो अवधिमै सरकार जनताको आवश्यकता र अपेक्षाअनुसार काम गर्न सफल भएको बताए ।

मुख्यमन्त्री यादवले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास तथा सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भएको दाबी गरे । "स्वास्थ्य क्षेत्रतर्फ अस्पतालको स्तरोन्नति, आवश्यक जनशक्ति व्यवस्थापन तथा औषधिको सहज आपूर्ति सुनिश्चित गरिएको छ । शिक्षा क्षेत्रमा विद्यालय सुधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षामा पहुँच विस्तार गरिएको छ", उनले भने,"कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै किसानलाई अनुदान, मल-बीउको उपलब्धता तथा सिँचाइ प्रणाली सुधारमा पनि महत्वूर्ण काम भएका छन् । पूर्वाधार विकासअन्तर्गत सडक, पुल तथा खानेपानी आयोजनाहरूलाई तीव्रता दिइएको छ ।"

मुख्यमन्त्री यादवले सुशासन र पारदर्शीतालाई प्राथमिकता दिँदै सेवा प्रवाहलाई सरल बनाउनुका साथै डिजिटल प्रणालीको प्रयोग विस्तार गरिएको बताए । साथै, बेरोजगारी न्यूनीकरणका लागि सीपमूलक तालिम तथा रोजगारी सिर्जना कार्यक्रम सञ्चालनमा ल्याइएको उनले जानकारी दिए ।

मुख्यमन्त्री यादवले आगामी दिनमा थप प्रभावकारी रूपमा काम गर्ने प्रतिबद्धता जनाए ।

## मधेश सरकारद्वारा विपन्न तथा निरक्षर नागरिकका लागि विशेष सहुलियतको घोषणा

**दैनिक समाचारदाता**
**जनकपुर, ४ बुधबार ।**

मधेस प्रदेश सरकारले ई-रिक्सा, अटो र ट्याक्टर चलाएर जीविकोपार्जन गर्ने विपन्न तथा निरक्षर नागरिकका लागि विशेष सहुलियतको घोषणा गरेको छ ।

सरकारको सय दिने उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री कृष्ण यादवले लेखपढ गर्न नसक्ने तर सवारी चलाउन सिपालु रहेका चालकहरूलाई लिखित परीक्षा बिना नै सिधै प्रयोगात्मक ( ट्रायल) परीक्षा दिएर लाइसेन्स लिने व्यवस्था मिलाइएको जानकारी दिएका हुन् ।

प्रदेशमा ठूलो संख्यामा रहेका गरिब र मजदुर वर्गको रोजगारी नगुमोस् भन्ने उद्देश्यले कानुनी आधार तयार पारेर यो प्रक्रिया अघि बढाइएको हो । मोटरसाइकल जस्ता सवारी साधन व्यक्तिगत सोखका लागि भए पनि ई-रिक्सा र ट्याक्टर विशुद्ध रूपमा पेट पाल्ने माध्यम भएकाले यसलाई प्राथमिकतामा राखिएको सरकारको भनाइ छ ।

मुख्यमन्त्री यादवले प्रदेशमा व्याप्त गरिबी र नागरिकको बाध्यतालाई बुझेर यो कदम चालिएको स्पष्ट पारेका छन् । धेरै नागरिकसँग मजदुरी गर्नुको विकल्प नभएको तर निरक्षर भएकै कारण लिखित परीक्षा पास गर्न नसक्दा कानुनी झमेलामा पर्ने गरेको अवस्थालाई सरकारले सम्बोधन गरेको हो ।

यो निर्णयले मधेस प्रदेशका हजारौं विपन्न मजदुरहरूलाई कानुनी रूपमै

बाँकी अन्तिम पृष्ठमा

## देश र जनताप्रति जिम्मेवार भएर प्रस्तुत हुन सभापति लामिछानेद्वारा निर्देशन

ललितपुर, ४ चैत (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)का सभापति रवि लामिछानेले निर्वाचनमा जनताले दिएको अभिमतलाई सम्मान गर्दै देश र जनताप्रति जिम्मेवार भएर प्रस्तुत हुन आफ्ना नवनिर्वाचित प्रतिनिधिसभा सदस्यलाई निर्देशन दिनुभएको छ ।

रास्वपाद्वारा नवनिर्वाचित प्रतिनिधिसभा सदस्यका लागि

बाँकी तीन पृष्ठमा

**डढेलोबाट जोगिऔं र जोगाऔं ।**

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, बन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेलोबाट जोगिन

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वास्थ्य सेवाप्रति गम्भिर बनौं

सरकारले स्वास्थ्य वीमालाई पहिलो प्राथमिकतामा राखेको छ। जेष्ठ नागरिकलाई यो विमा कार्यक्रम निशुल्क रुपमा प्रदान गर्दै आइरहेको छ। यति मात्र नभई न्यूनतम शुल्कमा एउटै परिवारको पाँच जनालाई वर्षेणी स्वास्थ्य विमा कार्यक्रम लागु गरेपछी यो लोकप्रिय समेत बनेको छ। तर अहिले पनि सरकारी स्वास्थ्य विमा कार्यक्रममा जनता जोडिन् सकेका छैनन्। सूचनाको अभाव तथा स्थानीय तहका कर्मचारीहरुको लापरवाहीका कारण यस स्वास्थ्य विमा कार्यक्रम चाहे जतिको लोकप्रियता हासिल गर्न सकेको छैन्।

यसबाहेक सप्तरीका विभिन्न सरकारी तथा निजि अस्पतालमा स्वास्थ्य सेवा खासै सुधारोन्मुख भएको देखिन्न्। दक्ष जनशक्ति तथा उपकरणको अभावमा यस्तो अवस्था आएको हो। एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंहमा दक्ष चिकित्सकको अभाव अहिले पनि यथावतै रहेको छ। विभिन्न आधुनिक उपकरणका बाबजुद यहाँ भरपर्दो सेवाको अभाव रहेको छ। यस्तै जिल्लाको स्वास्थ्य सेवाको अवस्थामा गुणात्मक रुपमा कमजोर रहेपनि यसमा सुधारको अवस्था प्रसस्त छ।

अहिले नेपाल सरकारले स्वास्थ्य क्षेत्रको सुधारका लागि निकै कार्यक्रमहरु ल्याइरहेको छ। खासगरि महिला, बालबालिका, जेष्ठ नागरि लगायतलाई सुविधा प्रदान गर्न विभिन्न कार्यक्रम ल्याएको छ। तसर्थ स्वास्थ्य सेवालाई प्रभावकारी ढंगले अगाडी बढाउन सम्बन्धीत निकाय गम्भिर हुनु आवश्यक छ। यसबाहके अस्पताल प्रशासनले दक्ष चिकित्सकहरुलाई परिचालन गरेर यसलाई सुधार गर्नु पनि उत्तिकै जरुरी रहेको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जेनजी आन्दोलन पुनर्निर्माण कार्ययोजना : आगामी वर्ष तीनै तहका सरकारले बजेट छुट्याउनुपर्ने

काठमाडौँ, ४ चैत (रासस)।

गत भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएको आन्दोलनले व्यापक भौतिक तथा आर्थिक क्षति पुऱ्याएपछि सरकारले त्यसको पुनर्निर्माण र पुनःव्यस्थापनका लागि विस्तृत कार्ययोजना सार्वजनिक गरेको छ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठको नेतृत्वमा गठित समितिको प्रतिवेदनका आधारमा तयार गरिएको कार्ययोजनाले क्षतिको परिमाण, पुनर्निर्माणको रणनीति, स्रोत व्यवस्थापन र निजी क्षेत्र पुनरुत्थानसम्मका विषयलाई समेटेको छ। साथै चालु आर्थिक वर्ष र आगामी दुई आर्थिक वर्ष तीनवटै तहका सरकारले पुननिर्माणका लागि बजेट विनियोजन गर्नेगरी कार्ययोजना तयार पारिएको छ।

आयोगले पुनर्निर्माण कार्यलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने योजना बनाएको छ। तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रणनीतिका आधारमा कार्य अगाडि बढाइने कार्ययोजनामा उल्लेख छ। त्यसैगरी, कार्ययोजनाले पुनर्निर्माणको मूल आधारका रूपमा आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिएको छ। तीनै तहका सरकारले आफ्नै स्रोतबाट पुनर्निर्माण अघि बढाउने, अपुग भएमा सङ्घीय सरकारले सहयोग गर्ने नीति तय गरिएको छ। साथै, निजी क्षेत्र र गैरसरकारी संस्थासँग सहकार्य गर्दै समन्वयात्मक ढङ्गले पुनर्निर्माण अघि बढाउने रणनीति लिइएको छ।

राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिबाकर लुइटेलका अनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका अल्पकालिन र दीर्घकालीन योजना तयार पारी सोहिअनुसार बजेट विनियोजन गर्नुपर्नेछ। "केहि कामहरू चालु आर्थिक वर्षको बजेटबाटै पनि सुरु भइसकेका छन्। आगामी आर्थिक वर्षको बजेट बनाउँदै गर्दा पनि जेनजी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माणका लागि निश्चित बजेट छुट्याउने पर्ने विषयमा छलफल चलिरहेका छन्। तीनवटै तहका सरकारले आगमी आर्थिक वर्षको बजेटमा यो विषयलाई प्राथमिकतामा राखुन् भन्ने उद्देश्य हो", उहाँले राससँग भन्नुभयो।

कार्ययोजनाअनुसार सरकारले सेवाग्राहीमैत्री, मितव्ययी र विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिएको छ भने भविष्यमा यस्ता क्षतिहरू न्यून गर्ने लक्ष्य राखेको छ। सङ्घीय सरकारका लागि चालु आर्थिक वर्षमा करिब रु चार अर्ब ३४ करोड आवश्यक पर्ने देखिएको छ भने आगामी दुई आर्थिक वर्षमा प्रत्येक वर्ष रु १० अर्ब १८ करोडका दरले बजेट छुट्याउनुपर्ने अनुमान गरिएको छ। त्यस्तै, प्रदेश सरकारका लागि चालु वर्षमा करिब रु ८१ करोड २५ लाख र आगामी दुई वर्षमा प्रत्येक वर्ष रु एक अर्ब ४६ करोड आवश्यक पर्नेछ। स्थानीय तहका लागि चालु वर्षमा रु एक अर्ब ४२ करोड र आगामी दुई वर्षमा प्रत्येक वर्ष रु तीन अर्ब २१ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

तीनवटै तहका सरकारले प्रारम्भिक मर्मत सम्भारका लागि चालु बजेटबाटै रकमान्तर गर्ने, मौजुदा सवारीसाधन र सम्पत्तिको उपयोग गर्ने तथा आवश्यक परेमा मात्रै नयाँ खरिद गर्ने नीति लिइएको छ। साथै, सबै सरकारी सम्पत्तिको अनिवार्य बिमा गर्ने व्यवस्था समेत प्रस्ताव गरिएको छ।

सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउन खर्च व्यवस्थापनमा कडाइ गर्ने नीति लिएको छ। साना, टुक्रे र प्रभावहीन आयोजना कटौती गर्ने, तीन करोडभन्दा कम लागतका आयोजना संघीय सरकारले नगर्ने, र त्यस्ता कार्यक्रम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने नीति लिइएको छ।

यसका साथै, संघीय सरकारले सञ्चालन गर्दै आएका केही कार्यक्रमहरू– जस्तै लघु उद्यम विकास, जनता आवास, खरका छाना मुक्त कार्यक्रम–अब स्थानीय तहले नै सञ्चालन गर्ने गरी संघीय स्तरबाट हटाइने भएको छ। सरकारले विकास साझेदार र गैरआवासीय नेपालीहरूबाट समेत पुनर्निर्माण कोषमा सहयोग जुटाउने योजना बनाएको छ। यस्तो सहयोग गर्नेहरूलाई राज्यले सम्मान गर्ने नीति पनि उल्लेख गरिएको छ।

आन्दोलनबाट निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। कुल रु ३३ अर्बभन्दा बढी क्षति भएकोमा सबैभन्दा बढी असर व्यवसायिक प्रतिष्ठानहरूमा परेको छ। करिब रु २७ अर्ब ४९ करोड बराबरको क्षति व्यवसायिक क्षेत्रमा भएको छ भने व्यक्तिगत घरपरिवारमा करिब रु ६ अर्ब बराबरको क्षति भएको छ। क्षतिको संरचनागत विश्लेषण गर्दा भवन तथा घरमा करिब ४५ प्रतिशत, सवारीसाधनमा ५ दशमलव ५ प्रतिशत र बाँकी अन्य सम्पत्तिमा क्षति भएको देखिन्छ। करिब रु २३ अर्ब बराबरको बिमा दाबी परेको छ।

कोभिड-१९ पछिको कमजोर अर्थतन्त्र र बाह्य क्षेत्रको दबाबका बीच आएको यस क्षतिले निजी क्षेत्रको मनोबल थप कमजोर बनाएको विश्लेषण गरिएको छ। सरकारले निजी क्षेत्र पुनर्जीवनका लागि विभिन्न राहत तथा सहुलियत कार्यक्रम प्रस्ताव गरेको छ। क्षति भएका भवनहरूको नक्सापास शुल्कमा छुट दिन स्थानीय तहलाई आग्रह गर्ने तथा सम्पत्ति करमा तीन वर्षसम्म छुट दिने व्यवस्था गर्नुपर्नेलगायत विषय कार्ययोजनामा उल्लेख छन्।

बिमा भएका संरचनाहरूको दाबी छिटो भुक्तानी गर्नुपर्ने तथा बिमा कम्पनीहरूमा तरलताको अभाव भएमा नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय संस्थाबाट सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, बैंकिङ क्षेत्रमा पनि सहुलियत दिने, चालु पूँजी कर्जालाई किस्ताबन्दी कर्जामा रूपान्तरण गर्न सकिने, कर्जा पुनःसंरचना अवधि २०८३ असारसम्म बढाइने, र आवश्यकताअनुसार ग्रेस अवधि थप गर्ने व्यवस्था गरिने लगायतका विषय कार्ययोजनामा राखिएका छन्। त्यस्तै, स्थिर ब्याजदरमा पाँच वर्षसम्म कर्जा उपलब्ध गराउने व्यवस्था समेत प्रस्ताव गरिएको छ, जसमा आधार दरमा केवल शून्य दशमलव पाँच प्रतिशत प्रिमियम थप्नुपर्ने उल्लेख छ।

आन्दोलनका क्रममा सार्वजनिक सेवाग्राहीका सवारीसाधन, मोबाइल, ल्यापटप, लत्ताकपडा जस्ता सामग्रीमा क्षति भएको अवस्थामा राज्यले आंशिक राहत दिने व्यवस्था मिलाइनुपर्ने पनि उल्लेख छ। प्रहरी मुचुल्काका आधारमा जिल्ला प्रशासन कार्यालयमार्फत कुल क्षतिको २५ प्रतिशतसम्म राहत उपलब्ध गराउन सकिने आयोगले तयार पारेको कार्ययोजनामा उल्लेख छ।

सरकारले विस्तृत कार्ययोजना सार्वजनिक गरे पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ। राजस्व संकलन कमजोर रहेको, सङ्घीय संरचनामा खर्च बढिरहेको र आर्थिक दबाब उच्च रहेको अवस्थामा यति ठूलो परिमाणको पुनर्निर्माण कार्य सम्पन्न गर्न वित्तीय अनुशासन, समन्वय र पारदर्शिता आवश्यक पर्ने देखिन्छ।

सरकारी तथ्यांकअनुसार आन्दोलनका कारण कुल रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको क्षति भएको छ। यसमध्ये सरकारी तथा सार्वजनिक क्षेत्रमा सबैभन्दा बढी क्षति देखिएको छ भने निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। सरकारी संरचनामा मात्रै करिब रु ४४ अर्ब ९३ करोड बराबरको क्षति भएको छ भने निजी क्षेत्रतर्फ रु ३३ अर्ब ५४ करोड बराबरको नोक्सानी भएको छ। सामुदायिक तथा अन्य क्षेत्रमा करिब रु पाँच अर्ब ९७ करोड क्षति भएको प्रतिवेदनले देखाएको छ।

सरकारी संरचनाभित्र सङ्घीय सरकार सबैभन्दा बढी प्रभावित भएको देखिन्छ। जहाँ करिब रु २९ अर्ब ६७ करोड बराबरको क्षति भएको छ। त्यसपछि स्थानीय तहमा करिब रु नौ अर्ब ८१ करोड र प्रदेश सरकारमा रु चार अर्ब ४९ करोड बराबरको क्षति भएको छ।

तीनवटै तहका सरकारका संरचनाहरू पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्न करिब रु ३६ अर्ब ३० करोड खर्च लाग्ने अनुमान गरिएको छ। यसमध्ये भवन पुनर्निर्माणमा मात्रै करिब रु २० अर्ब खर्च हुने देखिएको छ। त्यस्तै सवारीसाधन खरिदमा रु छ अर्ब १६ करोड र अन्य सम्पत्तिमा रु १० अर्ब १४ करोड खर्च हुने अनुमान गरिएको छ।

# राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुन आवश्यक : अर्थमन्त्री खनाल

काठमाडौँ, ४ चैत (रासस)।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले उपलब्ध तरलतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुनुपर्ने बताउनुभएको छ।

नागरिक लगानी कोषको ३६औँ वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री खनालले हाल बैंकिङ प्रणालीमा ब्याजदर घटेको र तरलता पर्याप्त रहेको अवस्थामा त्यसलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले ठूला पूर्वाधार तथा दीर्घकालीन लगानी आवश्यक पर्ने आयोजना अघि बढाउनुपर्ने बताउँदै बूढीगण्डकी जलविद्युत् आयोजनाजस्ता परियोजनामा सार्वजनिक-निजी साझेदारी ( पिपिपी) मोडलमार्फत लगानी बढाउन सकिने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो। निष्क्रिय पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

अर्थमन्त्री खनालले मध्यपूर्व क्षेत्रमा देखिएको द्वन्द्वले नेपालको आपूर्ति शृङ्खलामा असर पर्न सक्ने र मूल्यवृद्धि जस्ता समस्या आउन सक्ने भन्दै त्यसलाई समाधान गर्न आगामी दिनमा विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो।

"अहिले शोधनान्तर र चालु खाता बचतमा छन्, गत आर्थिक वर्षको तुलनामा सरकारी राजस्व पनि बढेको छ", उहाँले भन्नुभयो, "धेरै आर्थिक सूचकहरू सुधारोन्मुख छन्। अब लगानीकर्ताको हातमा पुँजी पुग्ने वातावरण सिर्जना गर्नुपर्ने बेला आएको छ।" उहाँले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन शीघ्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न अवकाश कोषमा लागिरहेको करको विषयमा पुनर्विचार

बाँकी तीन पृष्ठमा

# चुनौतीबीच निर्वाचन सम्पन्न भएपछि आयोगको नेतृत्वलाई मिलेको सन्तुष्टि...

**प्रकाश सिलवाल**
काठमाडौं, ४ चैत (रासस)।

'निर्वाचन पक्कै होला त ?', तीन महिनाअघि सम्म निर्वाचन आयोगका पदाधिकारी र प्रवक्तालाई सञ्चारकर्मीले यस्तो प्रश्न सोध्न छुटाउँदैनथे। त्यत्तिकै गम्भीर रूपमा नभए पनि निर्वाचन हुने अघिल्लो दिनको आयोगको पत्रकार सम्मेलनमा पनि एकैपटक सबै मतदास्थलमा शान्तिपूर्ण चुनाव होला त ? भन्ने उठेकै थियो।

यस्ता प्रश्नमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरू र उच्चाधिकारीको एउटै उत्तर हुन्थ्यो, "ढुक्क हुनुस्, निर्वाचन हुन्छ। मुलुकलाई लयमा ल्याउन निर्वाचनबाहेक अर्को विकल्प छैन। तपाईंहरूले पनि आफ्नो ठाउँबाट सहयोग गर्नुस्।"

त्यसो त जेनजी आन्दोलन भन्दाअघिको सरकारले नियुक्त गरेका आयुक्त कायम रहेको र प्रमुख आयुक्त पनि रिक्त रहेको अवस्थामा आयोगलाई पूर्णता दिएर मात्रै निर्वाचन गराउनुपर्छ भन्ने आवाज पनि नउठेका होइनन्। तर आयोगले प्रारम्भदेखि नै योजनाबद्ध रूपमा काम गरेकाले सफल हुन सकिएकामा आयोगको नेतृत्व सन्तुष्ट देखिएको छ।

"मैले सुरुदेखि नै निर्वाचनको विकल्प छैन र यो हुनुपर्छ भनेर लागेँ। कतिपय आन्तरिक कार्ययोजना गोप्य राखेर पनि काम गरियो। यसरी गर्दा सफल भइयो", कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले राससससँग भन्नुभयो, "मलाई त निर्वाचन हुँदैन भन्ने कहिल्यै शङ्का थिएन। प्रश्न र शङ्का तथा अनेक चुनौतीका पीडा भने थिए तर हामी कहिल्यै विचलित भएनौं।"

निर्वाचन सम्पन्न भएर राष्ट्रपति पौडेललाई यही चैत ५ गते प्रतिवेदन बुझाउने तयारीमा रहेको आयोगका कार्यवाहक प्रमुख भण्डारीले विगत छ महिनालाई संक्षेपा सिंहावलोकन गर्दै एउटा जिम्मेवारीमा रहेको नागरिकले राष्ट्रका लागिपरेका बेला जिम्मेवारी पूरा गरेका अवसरका रूपमा आत्ममूल्याङ्कन गर्नुभयो। "मेरो सुरुदेखि नै निर्वाचन हुनुपर्छ भन्ने चट्टानी अडान रह्यो। निर्वाचनप्रतिको निष्ठा त छँदै थियो। मुलुकमा भङ्किएको अनुशासनलाई लयमा ल्याउन यही मात्रै विकल्प थियो। निर्वाचन सम्पन्न भएको छ अब मुलुक थिति, विधि र लयमा आउने विश्वास लिएका छौं", उहाँले भन्नुभयो, "निर्वाचन कार्यतालिकाका हरेक मिति र क्षणमा दबाब र प्रभाव दुवै थियो। त्यो बीचमा हामीले कुनै लालस नराखी निर्वाचन गरायौं।"

जेनजी आन्दोलनपछि नयाँ सरकार गठन र तत्कालीन प्रतिनिधिसभा विघठन भई नयाँ प्रतिनिधिसभाको मिति घोषणा हुँदा के निर्वाचन होला र? भन्ने संशय प्रधानमन्त्री, सरकारका मन्त्रीसमक्ष पनि उत्तिकै सोध्ने गरिन्थ्यो। गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएकै दिन उहाँको सिफारिसमा प्रतिनिधिसभाको विघटन भई फागुन २१ गतेका लागि राष्ट्रपति रामचन्द्र पौडेलबाट निर्वाचनको घोषणा भएपछि सरकार र आयोग तयारीमा जुट्यो।

नेपाल सरकारले आफ्नोतर्फबाट गर्नुपर्ने काम, बजेट निकासा, सुरक्षा तयारी र राजनीतिक वातावरणमा सहजीकरण गर्‍यो भने आयोगले व्यवस्थापकीय काम थाल्यो।

यसै वर्षको गत वैशाख ५ गते प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको पदावधि सकिएको थियो भने निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते बिदाइ भएको थियो। उहाँहरूको बिदाइपछि पाँच सदस्यीय हुने आयोगमा तीन जना आयुक्तहरू मात्रै कायम हुनुहुन्छ। हाल कार्यवाहक प्रमुख आयुक्त भण्डारीसहित आयुक्तहरू डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा कार्यरत हुनुहुन्छ।

आयोगको सचिवमा कृष्णबहादुर राउत हुनुहुन्छ। उहाँहरूकै नेतृत्वमा यसपटकको प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको हो। लोकतन्त्रको मेरुदण्डका मानिने निर्वाचनलाई राजनीतिक अस्थिरता र विविध चुनौतीका बाबजुद प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न गराउनु आफैंमा उल्लेखनीय उपलब्धि हेरिएको छ।

कुनै पनि मतदानस्थलमा स्थगन नभइकन र हिंसात्मक घटना नभइकन यसपटक निर्वाचन सम्पन्न हुनुले प्रधानमन्त्री कार्कीलाई पनि सन्तोष दिलाएको देखिन्छ। उहाँले राससलाई हालै दिनुभएको अन्तर्वार्तामा भन्नुभएको छ, "निर्वाचन सम्पन्न हुनुको ५० प्रतिशत श्रेय म निर्वाचन आयोगलाई दिन चाहन्छु। आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित तीन आयुक्तको नेतृत्वमा भएको योगदान इतिहासले बिर्सन सक्ने छैन। आयोगमा पाँच जना पदाधिकारी हुनुपर्नेमा तीन जनाले पनि यति ठूलो काम गर्नुभयो। म प्रधानमन्त्रीका हैसियतले तीनै जना पदाधिकारीलाई र सिङ्गो आयोगलाई धन्यवाद दिन चाहन्छु। निर्वाचन सफल तुल्याउने सबैलाई म धेरै धन्यवाद दिन चाहन्छु।"

कार्यवाहक प्रमुख आयुक्त भण्डारीका अनुसार निर्वाचन तुलनात्मक रूपमा मितव्ययी पनि भएको छ। निर्वाचनका लागि सरकारबाट रु साढे सात अर्ब निकासा भएकामा करिब रु पाँच अर्बभित्रै कार्यसम्पन्न भएको र विस्तृत विवरण आउन बाँकी रहेको छ।

नेपालको संविधानको धारा २४६ मा आयोगले संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको जिम्मेवारी पाएको छ। निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, संविधान र सङ्घीय कानुनबमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने पनि आयोगले गर्छ।

आयोगले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय पनि आयोगले गर्छ।

### *राष्ट्रिय पुँजी ...*

गरिनुपर्ने बताउनुभयो।

समान प्रकृतिको आम्दानी तथा सामाजिक सुरक्षासम्बन्धी रकममा न्यून कर लगाउनुपर्नेमा अर्थमन्त्री खनालले जोड दिनुभयो। सरकारी स्वामित्वका धेरै संस्थाहरू समस्याग्रस्त हुने गरेको उल्लेख गर्दै नागरिक लगानी कोषले व्यवसायिक सफलता हासिल गर्न सफल भएको उहाँले बताउनुभयो। नेपाल वायुसेवा निगममा कोषबाट प्रवाहित कर्जाको असुलीका विषयमा पनि सरकारको नीतिगत जमानीको आधारमा उपयुक्त विकल्प खोज्नुपर्ने उहाँको भनाइ छ।

कोषले लगानी गर्दा जोखिम व्यवस्थापनमा सचेत हुनुपर्ने उल्लेख गर्दै विभिन्न अवकाश कोषको सम्पत्ति-दायित्व व्यवस्थापनका लागि दीर्घकालीन ऋणपत्र जारी गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले उच्च तथा दिगो आर्थिक विकासका लागि कोषले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। उहाँले उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै कोषले विभिन्न बचत योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिरहेको जानकारी दिनुभयो। नियामक निकायको मार्गदर्शन र कर्मचारीको समर्पणका कारण कोषले व्यावसायिक प्रगति हासिल गर्न सकेको उहाँको भनाइ छ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको लगानीलाई विविधीकरण गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले कोषले सङ्कलित रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिनुभयो। हाल कोषको करिब आधा हिस्सा बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा लगानी गरिएको, करिब २२ प्रतिशत सापटी तथा कर्जामा र विभिन्न संस्थाका शेयरमा लगानी रहेको उहाँले बताउनुभयो।

उहाँका अनुसार करिब आधा लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा रहेको र ब्याजदरमा आएको गिरावटका कारण कोषको नाफामा पनि असर पर्नसक्ने देखिएको छ। लगानी विविधीकरण हुन नसके आम्दानीमा गिरावट आउने जोखिम रहेको उहाँको भनाइ छ।

कार्यकारी निर्देशक कार्कीले सरकारले प्राथमिकतामा राखेका पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। कोषले सबै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग बढाएको पनि उहाँले बताउनुभयो।

आन्तरिक सुशासन, पारदर्शी तथा अद्यावधिक हिसाब प्रणालीलाई सुदृढ गर्दै कोषलाई दिगो प्रतिफल दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य रहेको उहाँले उल्लेख गर्नुभयो। साथै ठूलो आयोजनामा लगानी गर्नसक्ने सक्षम संस्थाका रूपमा कोष विकास हुँदै गएको उहाँको भनाइ छ।

उहाँले नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका काममा केही समानता रहेको उल्लेख गर्नुहुँदै त्यसमा स्पष्टता आवश्यक रहेको बताउनुभयो। नेपाल वायुसेवा निगममा करिब रु २२ अर्ब लगानी गरिएको र उक्त रकम असुलीमा केही कठिनाइ देखिएको जानकारी दिँदै उहाँले सरकारको ग्यारेन्टीमा ऋण प्रवाह भएकाले त्यसको व्यवस्थापनमा पहल भइरहेको बताउनुभयो।

कार्यक्रममा नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले पनि दीर्घकालीन तथा सुरक्षित प्रतिफलका लागि कोषको लगानीलाई विविधीकरण गर्नुपर्ने बताउनुभयो। कोषले मुद्दती निक्षेपमा मात्रै सीमित नभई ऋणपत्रलगायत विभिन्न वित्तीय उपकरणमा लगानी विस्तार गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

ब्याजदर कहिलेकाहीँ अत्यधिक बढ्ने र कहिले घट्ने भएकाले लगानीलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन विभिन्न उपकरण प्रयोग गर्नुपर्ने उहाँको भनाइ छ। उहाँका अनुसार हाल बैंकिङ क्षेत्रमा करिब रु ७७ खर्ब निक्षेप सङ्कलन भएको छ भने करिब रु ५८ खर्ब कर्जा लगानी रहेको छ।

चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको विस्तार दर भने करिब तीन दशमलव नौ प्रतिशत हाराहारीमा मात्रै सीमित रहेको उहाँले जानकारी दिनुभयो। अध्यक्ष कोइरालाले पछिल्लो समय बैंकहरूले प्रवाह गरेको ऋण उठाउन पनि चुनौती देखिएको बताउनुभयो।

### *देश र जनताप्रति ...*

ललितपुरमा आयोजित अभिमुखीकरण कार्यक्रममा सभापति लामिछानेले सार्वजनिक रूपमा जथाभावी अभिव्यक्ति दिने र प्राप्त अभिमतलाई मनोरञ्जनका रूपमा लिने छुट कसैलाई नरहेको स्पष्ट गर्नुभयो।

"सञ्चारमाध्यममा विचार गरेर बोल्नुस्। बोल्दाखेरी वैदेशिक सम्बन्धमा कस्तो प्रभाव पार्छ भन्नेसमेत सोचेर जिम्मेवार भएर बोल्नुस्। नागरिकसँगको सम्पर्कलाई बलियो बनाउनुस्", उहाँले भन्नुभयो, "हामीले नागरिकसँग गरेका करारपत्रलाई राम्रोसँग पढ्नुहोला। हामीमाथि देश बनाउने, देशमा परिवर्तन गर्ने जिम्मेवारी छ। जनताले दिएको अभिमतको पूर्णसम्मान गर्दै सकारात्मक परिवर्तनका पक्षमा लाग्नुछ।"

## विश्व समाचार

### इरान-इजरायल द्वन्द्व तीव्र, इरानले जवाफस्वरूप मिसाइल प्रहार

दुबई, ४ चैत (रासस/एपी)।

इजरायलले दुई जना वरिष्ठ इरानी सुरक्षा अधिकारीको हत्या गरेपछि इरानले खाडी क्षेत्रका छिमेकी देशहरू र इजरायलमाथि मिसाइल र ड्रोनमार्फत जवाफ दिएको छ।

इरानका वरिष्ठ अधिकारी अली लारीजानी र जनरल गोलाम रेजा सोलिमानीको मृत्यु भएपछि इरानले इजरायलको केन्द्रीय क्षेत्रमा बहु-वारहेड मिसाइल प्रहार गरेको पुष्टि गरेको छ। यस आक्रमणमा रामत गानमा दुई व्यक्तिको मृत्यु भएको छ भने अन्यमा क्षति पुगेको छ।

साउदी अरेबिया, कुवेत र अन्य अरब देशहरूमा पनि इरानी मिसाइल र ड्रोन आक्रमण भएको छ, जसलाई हवाई सुरक्षा प्रणालीले रोक्न सफल भएको छ।

इरानी मिसाइल प्रहारपछि इजरायलले तेहरान वरिपरिका बसिज पोस्टहरूमा हवाई आक्रमण गरेको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले यस घटनालाई 'इरानी शासन कमजोर पार्ने प्रयास' भएको बताउनुभएको छ। इरानले होर्मुज जलडमरुमा आफ्नो नियन्त्रण कायम राखेको छ, जहाँ विश्वको करिब पाँचौं हिस्सा तेल ढुवानी हुन्छ। अमेरिकाले पनि यस क्षेत्रमा आक्रमण र धम्की जारी राखेको छ।

लेबनानमा इजरायलले इरान समर्थित हिजबोल्लाहमाथि हवाई आक्रमण जारी राखेको छ। मध्य बियरुतमा भएको आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको र २४ जना घाइते भएका छन्।

उक्त द्वन्द्व मध्यपूर्वमा मानवीय, आर्थिक र सुरक्षा संकट अझ गहिरो बनाउने सङ्केत प्रस्तुत गरेको छ।

### गाजामा इजरायली आक्रमण, हमासका कमाण्डर मारिएको दाबी

यरुशलम, ४ चैत (रासस/सिन्ह्वा)।

इजरायली सेनाले गाजामा गरिएको लक्षित आक्रमणमा हमासका एक वरिष्ठ नौसैनिक कमाण्डर मारिएको दाबी गरेको छ।

इजरायल रक्षा बल र आन्तरिक सुरक्षा निकायले संयुक्त रूपमा जारी गरेको वक्तव्यअनुसार उत्तरी गाजा क्षेत्रमा कार्यरत हमासको नौसैनिक इकाइका कमाण्डर युनुस मोहम्मद हुसेन अलियान सोमबार गरिएको आक्रमणमा मारिएका हुन्। उहाँ नौसैनिक बलको सञ्चालन, तालिम तथा हतियार तयारीको जिम्मेवारीमा रहेका बताइएको छ।

वक्तव्यमा हालका हप्ताहरूमा उहाँले आफ्नो इकाइको क्षमता पुनःनिर्माण गर्दै सम्भावित आक्रमणको योजना बनाइरहेको आरोप लगाइएको छ। आक्रमणका क्रममा सर्वसाधारणलाई क्षति नहोस् भनेर सावधानी अपनाइएको पनि जनाइएको छ।

यसैबीच, प्यालेस्टिनी रेड क्रिसेन्ट र स्थानीय स्वास्थ्य स्रोतका अनुसार दक्षिणी गाजाको अल-मवासी क्षेत्रमा मङ्गलबार गरिएको हवाई आक्रमणमा ३ जना प्यालेस्टिनीको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

गाजाको स्वास्थ्य निकायका अनुसार सन् २०२३ अक्टोबर ७ यता सो क्षेत्रमा मृत्यु हुनेको सङ्ख्या ७२ हजार २४९ पुगेको छ भने १ लाख ७१ हजार ८९८ जना घाइते भएका छन्। क्षेत्रीय द्वन्द्व अझै चर्किंदै गएको देखिएको छ।

### द्वन्द्वका कारण विस्थापन र भोकमरी दुबै बढ्दै : संयुक्त राष्ट्र

न्यूयोर्क, ४ चैत (रासस/सिन्ह्वा)।

मध्यपूर्वमा बढ्दो द्वन्द्वका कारण विश्वभरि भोकमरीको समस्या झन् गम्भीर बन्ने जोखिम रहेको संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ। संयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्व खाद्य कार्यक्रमले सन् २०२६ सम्म विश्वमा तीव्र खाद्य अभाव झेल्ने मानिसहरूको सङ्ख्या नयाँ रेकर्डमा पुग्न सक्ने जनाएको छ। द्वन्द्व लम्बिँदै गएमा थप करिब ४ करोड ५० लाख मानिस खाद्य असुरक्षामा पर्न सक्ने अनुमान गरिएको छ।

विशेषज्ञहरूका अनुसार होर्मुज जलडमरुमा अवरोध सिर्जना हुँदा तेल ढुवानी मात्र होइन, मल बोकेका जहाजहरूको आवतजावत पनि प्रभावित भएको छ, जसले खाद्य उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ। संयुक्त राष्ट्रसङ्घले प्रभावित क्षेत्रमा खाद्यान्न, पानी, आश्रय तथा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास तीव्र बनाएको जनाएको छ। लेबनानमा लाखौं मानिसलाई तातो खाना, अत्यावश्यक सामग्री र सफा पानी वितरण गरिएको छ।

यसैबीच, विस्थापनका कारण १० लाखभन्दा बढी मानिस घर छाड्न बाध्य भएका छन्, जसमा करिब ३ लाख बालबालिका रहेका छन्। धेरैजसो प्रभावितहरू सार्वजनिक आश्रयस्थल बाहिर नै बस्न बाध्य छन्। स्वास्थ्य क्षेत्रमा पनि गम्भीर असर परेको छ। आक्रमणका कारण स्वास्थ्यकर्मीहरू मारिनुका साथै अस्पताल तथा स्वास्थ्य पूर्वाधारमा क्षति पुगेको छ।

संयुक्त राष्ट्रसङ्घले द्वन्द्वरत पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र सर्वसाधारण नागरिक तथा सहयोगकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ। मध्यपूर्वमा जारी द्वन्द्वले विश्व अर्थतन्त्रसँगै खाद्य सुरक्षामा समेत गम्भीर चुनौती खडा गरेको देखिएको छ।

# नेपाली मूलका नागरिकलाई नेपाली पहिचान दिन माग

काठमाडौं, ४ चैत (रासस) ।

एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) ले विश्वभरका नेपाली मूलका नेपालीलाई नेपालसँग जोड्न र नेपालीको पहिचानसहितको परिचयपत्रको व्यवस्था गर्न माग गरेको छ ।

परराष्ट्रमन्त्री बालानन्द शर्मालाई मंगलबार भेटेर एएनओको प्रतिनिधिमण्डलले सो माग गरेको हो । एएनओका अन्तरराष्ट्रिय अध्यक्ष डिल्ली अधिकारी, उपाध्यक्ष सुशील पन्त, महासचिव चूडामणि भट्टराई, नेपाल च्याप्टरका अध्यक्ष कृष्णप्रसाद सापकोटा लगायतको प्रतिनिधिमण्डलले मन्त्री शर्मालाई उक्त मागपत्र बुझाएको हो ।

सो पत्रमा पुस्तौंदेखि विश्वभर छरिएर रहेका नेपाली मूलका नागरिकलाई परिचय पत्रको व्यवस्था गर्न एवं त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन कक्षमा 'नेपाली ओरिजन' का लागि छुट्टै डेस्क राख्न पनि माग गरिएको छ ।

साथै पूर्वी नेपालका विभिन्न शिविरमा बाँकी रहेका झण्डै सात हजारको सङ्ख्याका भुटानी शरणार्थीको मानवअधिकारको रक्षा गरी मानवीय दृष्टिकोणबाट उचित व्यवस्थापन गर्न माग गरिएको एएनओले विज्ञप्तिमार्फत जनाएको छ ।

त्यस अवसरमा मन्त्री शर्माले एएनओका मागहरू नेपालकै पहिचानको विस्तारलाई सघाउने प्रकृतिका रहेकाले यसलाई नेपाल सरकारले गम्भीर रूपमा लिने धारणा राख्नुभयो । उहाँले आफू सैनिक सेवामा रहँदा पुस्तौँअघि बाहिरिएका नेपाली मूलका मानिसहरू भेट्ने अवसर पाएको अनुभव सुनाउँदै उहाँहरूलाई पुर्खौली देशसँग जोड्ने सार्थक अभियान अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

एएनओका अन्तरराष्ट्रिय अध्यक्ष अधिकारीले विश्वमा रहेका नेपाली जातिका नागरिकप्रति नेपाल सरकार सहयोगी बनेमा उनीहरूको ज्ञान, सीप र ठूलोमात्रामा लगानी नेपालमा भित्र्याउन सकिने बताउनुभयो ।

एएनओका उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त र महासचिव चूडामणि भट्टराईले नेपालीमन र नेपालीपनलाई जोड्दै एएनओ अघि बढेको जानकारी दिँदै सरकारले यस विषयलाई राष्ट्रहितका पक्षमा विचार गर्न आग्रह गर्नुभयो ।

# 'कार्की आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गरियोस्'

काठमाडौं, ४ चैत (रासस) ।

उज्यालो नेपाल पार्टीले जेनजी आन्दोलनसँग सम्बन्धित घटनाक्रमबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न सरकारसँग माग गरेको छ ।

पार्टीका प्रवक्ता डा राजु थापाद्वारा मंगलबार जारी प्रेस वक्तव्यमा प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्नेसहितका पाँच बुँदे माग अघि सारिएको छ । प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भएकाबारे स्पष्ट आधिकारिक जानकारी र समयसीमा सार्वजनिक गर्न पार्टीको माग छ ।

यस्तै, प्रतिवेदनका निष्कर्ष र सिफारिसका आधारमा जिम्मेवार पक्षमाथि निष्पक्ष, पारदर्शी र कानुनसम्मत प्रक्रिया तत्काल अघि बढाउन माग गरिएको छ । पीडित, घाइते, मृतकका परिवार तथा प्रभावित समुदायलाई सत्य, न्याय र परिपूरणको अनुभूति हुनेगरी आवश्यक निर्णय गर्न पार्टीको माग छ ।

प्रतिवेदन सार्वजनिक नहुँदा नागरिक तहमा अन्योल, शङ्का र असन्तोष बढ्दै जाने तथा राज्यप्रतिको विश्वास कमजोर हुने पार्टीको भनाइ छ ।

# देश, लोकतन्त्र र संविधानका लागि नयाँ जनमत उपयोग हुन सकोस् : पूर्वराष्ट्रपति डा यादव

काठमाडौं, ४ चैत (रासस) ।

पूर्वराष्ट्रपति डा रामवरण यादवले हालैको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट प्राप्त दुई तिहाइ नजिकको जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र सङ्घीयता जोगाउँदै देश बनाउने काममा उपयोग गर्न सक्नुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित 'सङ्कल्पन' पुस्तकको मंगलबार यहाँ लोकार्पण गर्दै उहाँले जेनजी युवाहरूको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबैले स्वीकार गर्नुपर्ने र रास्वपाले त्यसलाई देश बनाउन सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिभयो ।

"विसं २०१५ मा पनि नेपाली कांग्रेसले दुई तिहाइ ल्याएर बिपी कोइराला प्रधानमन्त्री हुनुभएको थियो । त्यसले पूरा समय काम गर्न पाएन । हालको जनमत त्यसरी खेर नजाओस्", पूर्वराष्ट्रपति डा यादवले भन्नुभयो, "देश, संविधान, लोकतन्त्र, सङ्घीयता, धर्म निरपेक्ष, समावेशीता सबै बचोस् । संविधानको पालनाको काम होस्, तर आगामी निर्वाचनमा प्रतिपक्ष नरहने गरी आफू मात्रै जित्नुपर्छ भन्ने सोच कसैले राख्नुहुँदैन । प्रतिपक्षविना लोकतान्त्रिक प्रणाली बलियो हुनसक्दैन ।"

कार्यक्रममा नेपाली कांग्रेसका नेता डा मिनेन्द्र रिजालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा बहुमत प्राप्त पार्टीले देशको निर्माणको नेतृत्व लिनुपर्ने र त्यसमा अरु सबै पार्टी र नागरिकले आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिनुभयो । मुलुकमा विसं २०७४ यता 'कारोबारी राजनीति' र गठबन्धनको संस्कार चलिरहेकामा पछिल्लो जनमतले त्यसमा 'ब्रेक' लगाएको उल्लेख गर्दै उहाँले अब विगतका गल्ती नदोहोऱ्याउँदै मुलुक अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

पूर्वमन्त्री डा रिजालले लोकतान्त्रिक व्यवस्थामा सूचना प्रविधिलाई गलत मनसाय राखेर नियमन गर्ने वा प्रतिपक्षविनाको राजनीतिक प्रणालीको कल्पना गरिनु उचित नहुने बताउनुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले लोकतन्त्रमा जिम्मेवारीमा रहेका सबै थप जिम्मेवार हुनुपर्नेमा जोड दिँदै जनताले अनुभूत हुने गरी लोकतन्त्रलाई आत्मसात गर्नुभयो । उहाँले पाखरेलद्वारा प्रकाशित पुस्तकले अखबारी लेखनले पनि विचार निर्माण गर्न सक्छ र कृति बन्नसक्छ भन्ने दृष्टान्त दिएको बताउनुभयो ।

वरिष्ठ पत्रकार बबिता बस्नेतले 'सङ्कल्पन' पुस्तक लेखरूको सङ्ग्रह मात्रै नभएर समयको दस्तावेज पनि भएको टिप्पणी गर्दै युवाहरूको भावना र लोकतन्त्रको सबलीकरणबारे लेखकले दूरदृष्टि प्रस्तुत गरेको बताउनुभयो ।

लेखक पोखरेलले समकालीन राजनीति, समाज, लोकतन्त्र, विचार र पत्रकारिताका विषयमा आफूले देखेका समय र सन्दर्भलाई सङ्कलन गरेर पुस्तकका रूपमा ल्याएको बताउनुभयो । पुस्तकको प्रकाशन गोरक्ष राष्ट्रिय दैनिकले गरेको हो ।

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख बिभाग

## भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी

राजविराज

मिति: २०८२/१२/०४

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. १०५ सिरीलाल राउतको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको सा.कि.नं. ६१३ को ज.वि. ०-११-१ र रैती नं. १२ पारसवती चौधराईनीको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको सा.कि.नं. २५० को ज.वि. ०-१२-७ मध्ये ०-३-१७ जग्गा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. बनौली वडा नं. ३ हाल परिवर्तित खडक न.पा. वडा नं. ११ बस्ने रमाकान्त यादवको यस कार्यालयमा द.नं. १४७५७ मिति २०८२/०९/२४ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/१२/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६१३ | बनौली | ७क | २०६ | ०-१०-१७.५ | सिरी लाल राउत | फिल्डबुक को जग्गाधनी महल, किसान महल खालि रहेको र कैफियत महलमा यो जग्गा पं. बनौली वडा नं. ३ वस्ने श्री लाल यादवको नम्बरी हो भनि जनिएको । |
| २५० | बनौली | ८ख | ५९ | ०-४-१.५ | । | |

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

### मधेश सरकारद्वारा ...

सवारी चलाएर आफ्नो र परिवारको जीविकोपार्जन गर्ने बाटो खुला गर्ने विश्वास लिइएको छ । सरकारले मजदुरको सीपलाई सम्मान गर्दै उनीहरूको रोजगारी सुनिश्चित गर्न यो व्यावहारिक नीति ल्याएको दाबी गरेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि मधेस प्रदेश सरकारले महत्वपूर्ण सुधारको योजना अघि सारेको छ । उपचारका लागि निवेदन दिने तर अनुदान रकम आउँदासम्म बिरामीको मृत्यु भइसक्ने झन्झटिलो र अव्यवहारिक कार्यविधिलाई पूर्ण रूपमा परिवर्तन गर्न लागिएको छ ।

अब बिरामीलाई सिधै पैसा दिनुको सट्टा सरकारले अस्पतालसँग समन्वय गर्ने र बिरामीले उपचार गराएको अस्पताललाई नै सिधै भुक्तानी गरिदिने व्यवस्था मिलाइनेछ । यसबाट बिरामीले जीवित छँदै उपचार पाउने सुनिश्चितता हुने सरकारको तर्क छ । साथै, स्वास्थ्य सेवालाई प्रविधिमैत्री बनाउन मोबाइलबाटै ई-टिकट काट्न सकिने व्यवस्था र विगत दुई वर्षदेखि रोकिएको औषधि खरिद प्रक्रियालाई पनि पुनः सुरु गरिएको छ ।

मधेस प्रदेशलाई खेलकुद र धार्मिक पर्यटनको केन्द्र बनाउने उद्देश्यका साथ सरकारले ठूला पूर्वाधार निर्माणका योजनाहरू समेत अघि सारेको छ । प्रदेश सरकारले आफ्नो सय दिने कार्यकालमा जनमैत्री कामहरूलाई प्राथमिकता दिएको दाबी गर्दै आगामी दिनमा यी योजनाहरूलाई द्रुत गतिमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । न्युज एजेन्सी नेपालबाट

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np